बालसंसार/बाल उपन्यास

# यतीको काखमा

विनोद न्यौपाने





डोमाको बुबाले सानो झोला ठीक पारे। आमा र डोमाहरुलाई घरमा राम्ररी बस्ने सल्लाह दिए। छेउमा भएको एरिकलाई कतै जाने संकेत गरे। एरिकले डोमाको मुखमा हेर्‍यो। ऊ डोमासँग भेडा चराउन गएर यतिसँग खेल्ने सुरुमा थियो। ला ! ऊ त उसको बुबासँग अन्तै जानुपर्ने जस्तो छ। डोमाले उसका बुबालाई केही भनोस् जस्तो लागेको थियो, एरिकलाई। उसले केही पनि भनिन। अँध्यारो मुख पारेर उसैतिर हेरिरहेकी थिई ऊ। घरको लाछीको खम्बामा दुवै हातले समातेर आँखा भरी आँसु पारेर उसलाई केही भन्न खोजिरहेकी थिई। आमा, डोमाका दाजु पनि त्यहीँ उभिएर हेरिरहेका थिए। सानो भाई आमाको पिठ्यूँमा निदाइरहेको थियो।

डोमाका बुबाले एरिकको हात समातेर बाटो लागे। कता जाने पत्तो नभए पनि एरिक उसका पछि लाग्यो। उसले पछि फर्कँदै डोमालाई हेर्दै गयो। केही छिनमा डोमा र उसको घर पहाडको भित्ताले छेलिदियो। शेर्पा अघिअघि एरिक पछिपछि हिँडिरहे हिँडिरहेँ, उनीहरु कहिले खोल्सा खोल्सी हुँदै उँधोउँधो लाग्थे। कहिले उँभो लाग्थे। बाटो चिप्लो थियो। खोल्सामा कुलकुल र कही छङछङ गर्दै पानी उँधो बगिरहेको थियो। कहीँ चराहरुको मीठो आवाज आउँथ्यो। दिनभर उनीहरु हिँडिरहे। पहाडको अप्ठेरो बाटो हिँड्न नसक्दा कहिलेकाँहि शेर्पाले एरिकलाई बोक्थे। यो शेर्पाले कहाँ लगेको हो उसलाई पत्तै छैन। ऊ शेर्पाले जे भन्छ त्यही गर्छ। शेर्पा मान्छे जाति नै रहेछन्। एरिकलाई माया गर्दै खानेकुरा खान दिँदै लगे। गलेको बेला बस्न दिए। तिर्खा लागेको बेला पानी पिउन दिए। मान्छे त जाती नै हुन्। दिनभर हिँडेर थाकेको हुनाले सुत्ने बित्तिकै ऊ भुसुक्कै निदायो।

विहान उठेर उनीहरु फेरि बाटो लागे। ठाउँ ठाउँमा बस्दै, केही खाँदै उही हिजोको जस्तै घरी उकालो, घरी तेर्सो, घरी ओरालो, घरी अप्ठेरो, घरी सजिलो बाटो उनीहरु लगातार हिँडिरहे। साँझ पर्ने बेलामा पर बत्तीहरु बलेको बाक्लो बस्ति देखियो। बिस्तारै त्यो बस्ति नजिकिँदै गयो। केही बेरपछि उनीहरु ठूलो गाउँमा पुगे। उनीहरु एउटा सानो घरतर्फ लागे। त्यो घरमा पुलिसहरु रहेछन्। त्यो घर प्रहरी चौकि थियो। त्यही प्रहरी चौकिबाट शेर्पालाई अमेरिकन बालक एरिकलाई लिएर आउन भनिएको थियो।

एरिकले त्यहाँ साइनबोर्ड हेरेर त्यो प्रहरी चौकि भएको थाहा पाइसकेको थियो। त्यहाँ भएको पुलिस अफिसरले शेर्पासँग केहीबेर कुरा गरेपछि एरिकतिर फर्केर अंग्रेजीमा उसको नाम सोधे। एरिकले धेरै दिनपछि कसैले बोलेको बुझ्यो। उसका आँखामा खुसीको सङ्केत देखियो। उसले फूर्तिसाथ आफ्नो नाम एरिक हो भनेर बतायो। पुलिस अफिसरले ऊ यत्रो दिन कहाँ थियो भनेर सोध्यो। एरिक शेर्पातिर फर्कियो। त्यति बेलासम्म पुलिस अफिसरले दुई जना प्रहरीलाई बोलाएर केही कुरा भनिसकेका थिए। प्रहरीहरु त्यसपछि त्यहाँबाट कतै बाहिर गएका थिए।

एकै छिनमा त्यहाँ एरिकका बुबाआमा आइपुग्नु भयो। एरिकले आफ्ना आमा बुबालाई देखेर एकछिन त केही सोच्नै सकेन। एरिककी आमाले एरिकलाई एकै झड्कामा आफूतिर तानेर चुप्पा खानुभयो। उसले पनि आमालाई कसेर पक्डँदै बुबातिर हेर्‍यो। बुबा आँखाबाट चस्मा झिकेर आँसु पुछ्दै हुनुहुँदो रहेछ। आमाका आँसु त सानो खोलाजस्तै अविरल बगिरहेका थिए। एरिक आमालाई छाडेर बुबातिर गयो। बुबाले एउटा घुँडा मारेर एरिकलाई कसेर अङ्कमाल गर्नुभयो। यतिबेला आमा आँसु पुछ्दै अलिअलि हाँसेजस्तो गरेर यो दृश्य हेरिरहनुभएको थियो।

एरिकका बुबाले उठेर शेर्पातिर केहीबेर हेरेर धन्यवाद भन्नुभयो। प्रहरी अधिकृतसँग शेर्पालाई धेरैधेरै धन्यवाद दिन र आफ्नो हराएको छोरा भेटेर ल्याइदिएकोमा हामी ज्यादै खुसि भएका छौँ भनेर भन्दिन अनुरोध गर्नुभयो र आफ्नो तर्फबाट केही बक्सिस दिन पाए हुन्थ्यो भनेर अनुरोध गर्नुभयो। प्रहरी अधिकृतले एरिकका बुबाले भनेअनुसार नै गरिदिए। शेर्पाले मुस्कुराएर एरिकका बुबा र आमातिर हेर्दै एरिक आफ्नो छोराजस्तै भएकोले उसलाई सहयोग गरेबापत आफूले बक्सिस नलिने कुरा बताए। केही बेरको औपचारिकतापछि उनीहरु त्यहाँबाट हिँडे। एरिक र शेर्पा, एरिकका बुबाआमा बसेको होटलतिरै गए।

एरिक होटलमा पुगेर केहीबेर आमासँग सोफामा बस्यो। उसले ननुहाएको धेरै दिन भएकोले तातो पानीमा नुहाउने मन गर्‍यो। बुबाले होटलवालालाई भनेपछि सबै कुराको व्यवस्था मिल्यो। एरिक बाथरुमबाट नुहाएर आउँदा उसका नयाँ लुगाको व्यवस्था भइसकेको थियो। उसले नयाँ कपडा लाएपछि ऊ धेरै दिनपछि फेरि एकपटक पक्का अमेरिकन केटो भयो।

आज धेरै दिनपछि आमा, बुबा र एरिक एउटै कोठामा बसिरहेका थिए। एरिकले आफूले हेलिकोप्टर दुर्घटनापछि होस् खुल्दादेखि कसरी यतीसँग समय बितायो, कसरी यतीले शेर्पाको घर छेउमा छाडी र कसरी यतीसँग भेट भयो र यहाँसम्म कसरी आइपुग्यो सबै कुरा एकएक गरेर बतायो। ऊ आफ्नो कथा बताउँदै जान्थ्यो, उसका बाबु र आमाको आँसु अविरल बगिरहन्थ्यो। बाबु र आमाले एरिकले बिताएका प्रत्येक अप्ठेरा पलहरु आफैले भोगेजस्तो भान परिरहेको थियो।

एरिकले पनि आमा र बुबाको अवस्थाको बारेमा सोध्यो। उसका बुबा र आमालाई हेलिकोप्टर दुर्घटना भएपछि काठमाडौंबाट आएको उद्धार टोलीले उद्धार गरेर काठमाडौंको एक नर्सिङ होममा उपचार गराएको रहेछ। उसका बुबाको दाहिने गोडा फ्याक्चर भएको रहेछ। आमालाई नराम्ररी पोलेको रहेछ। उनीहरुसँगै यात्रा गरिरहेका मध्ये केही यात्रुको मृत शव भेटिएछ र केही घाइते भएका रहेछन्। 'पिटर नि ?' एरिकले उत्साही हुँदै बुबातिर हेरेर सोध्यो। बुबाले लामो सास तानेर भन्नुभयो 'बिचरा पिटर साह्रै जिज्ञासु बालक थियो। एउटा राम्रो प्रोजेक्ट रिपोर्ट तयार गर्ने सुरमा थियो।' एरिकले हतारिदै बुबासँग सोध्यो। बुबाले फेरि एकपटक आँखाबाट चस्मा निकालेर आँसु पुछ्नुभयो र एरिकतिर छड्के आँखाले हेर्दै भन्नुभयो 'पिटर नराम्ररी घाइते भएको थियो। धेरै दिन पछि मात्र उसको होस खुल्यो। अहिले ऊ उसका बुबाआमासँगै अमेरिकाको कुनै अस्पतालमा उपचार गराइरहेको छ। सायद ऊ अब चाँडै ठीक हुन्छ होला।' एरिक गम्भीर भयो र केही पनि बोलेन। केहीबेर कोठामा मौनता छायो।



# पोखराको पाताले छाँगो

भाइ वैनी हो ! म आज तिमीहरुलाई नेपालको पर्यटकीय सहर पोखरा पुर्‍याउँदैछु है। पोखरा नेपालको रमणीय ठाउँ हो। पोखराबाट उत्तरतर्फ फर्केर हेर्दा माछापुच्छ्रे हिमाल नजिकै देखिन्छ। फेवाताल यहाँको प्रशिद्ध ताल हो। विदेशी तथा स्वदेशी दुवैले यस तालमा डुङ्गा खियाएर आनन्द लिने गर्छन। यस तालमा नै वाराहीको मन्दिर छ। कतिपय धार्मिक मानिसहरु डुङ्गामा चढेर उक्त मन्दिरमा दर्शन गर्न पुग्छन् भने वरिपरि पानीको बीचमा बनेको उक्त मन्दिर हेर्न पर्यटकहरुको पनि घुँइचो लाग्दछ। पोखराको बाटुले चौरमा एउटा गुफा छ। उक्त गुफा हेर्न पनि मानिसहरुको भिड लाग्ने गर्दछ। पोखरामा थुप्रै थुप्रै प्रकृतिले दिएका आश्चर्यहरु छन्। ती मध्ये पोखरा सहरको उत्तरतिर रहेको पाताले छाँगो जसलाई डेभिड फल पनि भनिन्छ एउटा हेर्नलायक ठाउँ हो। फेवातालको पानी बगेर जाँदा एउटा झर्ना बनेको छ र त्यो झर्ना गएर एउटा गहिरो खाल्टोमा खस्दछ र हराउँछ। यसलाई स्थानिय बोलीमा पाताले छाँगो भनिन्छ। तर, अहिले यसको चलन चल्तीको नाउँ डेभिड फल हुन पुगेको छ। डेभिड नाउ गरेका कुनै एक पर्यटक यस छाँगोलाई हेर्न आफ्नै गर्लफ्रेण्डसँग सँगै गएका थिए। अचानक उनी त्यहाँ खसे अनि बेपत्ता भए। उनी यसरी खसेर बेपत्ता भएपछि यस छाँगोको नाउँ डेभिड फल रहन गएको हो।

भाइ बैनी हो ! अब तिमीहरुको शैक्षिक वर्ष समाप्ती सँगैको लामो विदा सुरु हुन धेरै महिन बाँकी छैन। यस विदामा होली डे जाने विचार गरेका छौं भने नेपाललाई नबिर्स है। यदि तिमी नेपाल गयौं भने पोखरा पुग्न पनि नभुल्नु नि। पोखरा पुग्यौ भने एक दुई दिनको तिमीहरुको बसाई अत्यन्त रमाइलो सँग बित्नेछ। पोखरा पुगी हाल्यौ भने डेभिडफल हेर्न पनि नबिर्स नि। यो ठाँउ पोखराको शहीद भिमसेन चोक (पहिलेको नाउँ महेन्द्रपुल) बाट केवल २ किमि मात्र टाढा छ।

## साप्ताहिक राशि फल ज्यो. प. नारायण शर्मा / rashi@nepalisandesh.com

२०१०/०५/१२ बुधवारदेखि २०१०/०५/१८ मंगलवारसम्म

**मेष** मनमा केही चिन्ता बढ्नेछ। पारिवारिक मनमुटाव रहने छ। क्रोधका कारण दैनिक कार्यहरुमा बाधा उत्पन्न हुनेछ। शनिवार मध्यान्हबाट समयमा सुधार हुनेछ। पढाई तथा जागिरमा भने राम्रै प्रगति हुनेछ।

**वृष** आर्थिक समस्याले पिरोल्नेछ। समाज तथा साथीभाइहरुसित विवादहरु पर्नेछ। पैतृक सम्पत्तिबाट भने विशेष लाभ मिल्ने छ। जागिरको समस्या रहनेछ। घर परिवारप्रतिको चिन्ता बढ्नेछ।

**मिथुन** छोटो दुरीका यात्रा प्रसस्तै मिल्नेछ। कामप्रति लगनशिलता बढ्नेछ। जोस जाँगर र हिम्मतमा बृद्धि हुनेछ। नयाँ जागिर पाइने अवसर जुट्नेछ। घरायसी काममा सफलता मिल्नेछ।

**कर्कट** सामाजिक जिम्मेवारी वहन गर्न सफल हुनुहुनेछ। व्यक्तिगत प्रतिष्ठामा बृद्धि हुनुका साथै दैनिक कार्यहरु समेत सफल हुनेछन्। आत्मसम्मान बढ्नेछ। पारिवारिक सहयोग रहनेछ।

**सिंह** दायित्व तथा जिम्मेवारी पुरा गर्न असफल हुनुहोला। आर्थिक क्षेत्र बलियो रहेकाले बाधा व्यवधानहरु सहजै पार लाग्नेछन्। साताभर समय अनुकुल छैन। चोटपटक लाग्ने तथा मनमा डर, त्रास बढ्नेछ।

**कन्या** सोचेअनुरुपका कामहरु हुन नसक्दा नरमाइलो लाग्नेछ। विवादहरु बढ्ला। घरजग्गा तथा ठेक्कापट्टाका कार्यहरुमा भने आकस्मिक लाभ मिल्नेछ। प्रेमको मामला सफल रहनेछ। पढाईमा बाधा उत्पन्न होला।

**तुला** व्यापार व्यवसाय आरम्भ गर्न यो साता निकै राम्रो छ। इष्टमित्र तथा साथीभाइसँगको सम्वन्ध सुदृढ हुनेछ। आम्दानी उच्च रहनेछ। विभिन्न सभा सम्मेलनमा भाग लिने अवसर जुट्नेछ।

**वृश्चिक** पुराना साथीभाइ तथा परिवारसँग भेटघाट हुनेछ। रमाइला कार्यक्रमहरुमा सहभागी हुन पाउनु हुनेछ। नसोचेका क्षेत्रबाट आकशिमक लाभहरु मिल्नेछ। बौद्धिक क्षमताको प्रशंसा हुनेछ।

**धनु** कसैसँग विवाद नगर्नु उत्तम हुनेछ। व्यवहारप्रति साथीभाइहरु असन्तुष्ट रहलान्। दैनिक कार्यमा लगनशिल र इमान्दारिताको अभाव रहनेछ। पठनपाठनका कार्यमा सफलता मिल्नेछ।

**मकर** घरायसी कामप्रति रुची बढ्नेछ। परिवारमा माया, सद्भाव बढ्नेछ। सन्तानबाट सुःख प्राप्त हुनेछ। मिष्ठान्न भोजन मिल्नुका साथै चौतर्फि प्रसंसा हुनेछ। विश्वास बढ्नेछ।

**कुम्भ** झुटा आरोपहरु लाग्नेछ। इज्जतमा आँच पुर्‍याउने कार्यहरु होलान्। आर्थिक समस्याहरु देखा पर्नेछ। कलाकारिता तथा पत्रकारिताका क्षेत्रमा सफलता मिल्नेछ। विगतको कमजोरीका कारण पछुताउनु पर्ला।

**मीन** साताभर कठिन परिश्रम गर्नुपर्नेछ। अनावश्यक यात्राहरु हुनेछन्। खर्चमा पनि बृद्धि हुनेछ। मनमा निराशा बढ्नुका साथै घर परिवार तथा साथीभाइको साथ अपर्याप्त हुनेछ।


DK Accountancy

Our Services :
Business startups
Customised business advice
Accounting system setup
Book keeping services
VAT returns
Payroll (PAYE) administration
Accounts preparation
Tax computations & returns
Management reporting

DK Accountancy Chartered Certified Accountants

Sundar Khatiwada FCCA, MBA
02085757684/07727262201
Allied Sainif House
412 Greenford Road
Greenford, Middlesex
UB6 9AH

GOLDEN
Opportunity for
Overseas
Qualified Nurses



hurry up ! hurry up !!
Are You Overseas Qualified Nurse?
Do You Have Two Years of Work Experience?
Do You Have IELTS score of 6.0 or above?
Are You Looking for Work Permit?
Are You Ready to go Anywhere in the UK?

IF YES
Please Contact
Paul Nugent
A2Z GLOBAL SERVICES
www.a2zglobal.org
info@a2zglobal.org

"दुःखले कमाएको पैसा
ढुक्कसँग पठाउनुहोस्...!!"

IME International Money Express
A complete Money transfer solution

Aldershot
Global Home Service Ltd.
111 Victoria Road, GU11 1EJ
Ph.01252266136

Ashford
Variety Cash & Carry
3 A High Street, TN24 8TH
Ph.01233641310

London
IME Limited
Pentax House S Harrow, HA2 0DU
Ph.02077002134

Reading
Munchees
2-3 Butter Market, RG1 2DP
Ph.01189573708

International Money Express (IME) Ltd.
Pentax House, S Harrow, Middlesex, HA2 0DU
Ph.02077002134/02089384619 Fax.02089284605
Email: imeuk@imeremit.com Web: www.imeremit.com